# भरतपुर महानगरपालिका

## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरुः (१०२ औं बैठक, मिति २०८१/११/२५ गते बिहान ०८:०० बजे)

| क्र.स. | प्रस्तावहरु | निर्णय |
|---|---|---|
| १. | १०१ औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा । | भरतपुर महानगरपलिका नगर कार्यपालिकाको मिति २०८१/१०/२५ गते बसेको १०१ औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाइयो । |
| २. | **IEE** प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा । | महानगर अन्तर्गतका खोला नदीका निम्न स्थानहरुबाट नदीजन्य पदार्थ उत्खनन गर्न सकिने गरी तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) प्रतिवेदन २०८१ स्वीकृत गर्ने र सम्बन्धित निकायको सिफारिस आवश्यक नपर्नेको हकमा सोही प्रतिवेदनमा उल्लेखित परिमाणमा नदीजन्य पदार्थ उत्खनन तथा बिक्री वितरणका लागि खरिद प्रक्रिया अघि बढाउने र राष्ट्रपति चुरे सँग अनुमति लिनुपर्ने स्थानहरुको हकमा सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।<br>तपसिल |

नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी र बालुवा) उत्खनन/सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन

| क्र. सं. | नदीजन्य पदार्थ उत्खनन् स्थल | कुल परिमाण (घ.मि.) |
|---|---|---|
| १ | भरतपुर महानगरपालिकाको वडा नं. १ त्रिशुली नदी तटीय क्षेत्र, प्वाइन्ट १ (ठिमुरा क्षेत्र) | ४१,६६७.०० |
| २ | भरतपुर महानगरपालिकाको वडा नं. ४ नारायणी नदी प्वाइन्ट २ (गैंडा चोक क्षेत्र) गरी प्याकेज नं. २ | ४३,९८६.०० |
| ३ | भरतपुर महानगरपालिका वडा नं १६ भएर बग्ने नारायणी नदीको (वडा नं १६ को ज्ञानेश्वरक्षेत्र र सेतीदेवी क्षेत्र) | ८,६९३.२५ |
| ४ | भरतपुर महानगरपालिका वडा नं २६ भएर बग्ने नारायणी नदिको (सिसुवार क्षेत्र र भगडी क्षेत्र) | ३६,७९४.२० |
| ५ | भरतपुर महानगरपालिकाको वडा नं. २९ (गाईघाट क्षेत्र) भएर बग्ने त्रिशुली नदी | १३,४१६.७५ |
| ६ | भरतपुर महानगरपालिकाको वडा नं. २९ (भोर्ले क्षेत्र) भएर बग्ने त्रिसूली नदी | ७,२३०.०० |

| | | |
|---|---|---|
| ३. | भरतपुर महानगरपालिका नक्सा पास तथा अभिलेखिकरण कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा । | यस महानगरपालिका क्षेत्रभित्र हालसम्म पनि केही घर संरचनाहरुको घर नक्सा अभिलेखिकरण हुन बाँकी भएको, नक्सा पासको अभावमा बैंक लगायत अन्य कारोबारमा समस्या भएको र नगरपालिकाको राजश्वको क्षेत्र समेत बृद्धि गर्न आवश्यक देखिएको, साथै नक्सा पास कार्यलाई सरल, व्यवस्थित र थप प्रभावकारी बनाउन विधायन समितिबाट सिफारिस भई आएको भरतपुर महानगरपालिका नक्सा पास तथा अभिलेखिकरण कार्यविधि, २०८१ स्वीकृत गर्ने । |
| ४. | भरतपुर महानगरपालिका भित्र सञ्चालित क्रसर, बालुवा प्रशोधन तथा अस्फाल्ट प्लान्टहरु व्यवस्थापन सम्बन्धमा । | • राष्ट्रिय गौरवका योजना लगायत महानगरका विभिन्न योजना तथा आयोजनाको लागि आवश्यक पर्ने कच्चा पदार्थको अभावमा आयोजनाहरु समयमै सम्पन्न गर्न असहज देखिएको हुँदा जिल्ला अनुगमन समितिले सघन अनुगमन गर्ने गरी यस महानगरभित्र सञ्चालन भएका क्रसर, बालुवा प्रशोधन तथा अस्फाल्ट प्लान्टहरुलाई महानगरले तोकेको राजश्व बुझाउन लगाई २०८२ असार मसान्त सम्मको लागि व्यवसाय दर्ताको अस्थायी अनुमति प्रदान गर्ने ।<br>• भरतपुर महानगरपालिकाभित्र सञ्चालनमा रहेका अस्फाल्ट, क्रसर तथा बालुवा प्रशोधन उद्योगहरु के कस्तो अवस्थामा सञ्चालनमा रहेका छन्, करको दायरामा आए-नआएको अनुगमन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न तपसिल अनुसारको कार्यदल गठन गर्ने ।<br>तपसिल<br>१. उपप्रमुख, भरतपुर महानगरपालिका — संयोजक<br>२. सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य<br>३. वातावरण महाशाखा प्रमुख — सदस्य<br>४. पूर्वाधार महाशाखा प्रमुख — सदस्य<br>५. राजश्व महाशाखा प्रमुख — सदस्य सचिव |
| ५. | पर्यटकीय गन्तव्य परिमार्जन गर्ने सम्बन्धमा । | भरतपुर महानगरपालिकाका पर्यटकीय गन्तव्यहरू देहायबमोजिम हुने गरी परिमार्जन गर्ने । |

| क्र.सं. | पर्यटकीय गन्तव्यहरू | वडा नं. |
|---|---|---|
| १ | मेघौली ब्लक — राइनो पार्क, गोलाघाट, भोजबाबा मन्दिर, शिवालय पार्क, सामुदायिक वनहरू, घरबास र सङ्ग्रहालय | २७,२८ |
| २ | पटिहानी ब्लक — अम्ब्रेला स्ट्रिट, कमल पोखरी, स्टोन पार्क | २२ |
| ३ | देवघाट ब्लक — बेनी संगम, आश्रम, वागेश्वरी र मन्दिरहरू | १ |
| ४ | बीसहजार ताल | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५ | ज्ञानेश्वर ब्लक– सामुदायिक वनहरू, पिकनिक स्पोट, मिनी जु, क्रुज सफारी | १६ | |
| | | | ६ | दियालो बंगला दरवार संग्रहालय ब्लक - नारायणी सि विच मोडल, जलदेवी/सतनचुली सामुदायिक वन, जोर कुसुम पार्क, गुम्बा, तालहरु | १,२ | |
| | | | ७ | चौकीडाँडा ब्लक – कविलास गढी, गोल्डेन गुफा, मदन आश्रित स्मृति पार्क, झरना | २९ | |
| | | | ८ | कसरा ब्लक – जगतपुर, गोही प्रजनन् केन्द्र, बिक्रमबाबा | २३ | |
| | | | ९ | राइनो कुञ्ज ब्लक – बाटुली पोखरी, सामुदायिक वनहरू, छीतामाई/सीतामाई क्षेत्र | १३ | |
| | | | १० | वन्यजन्तु उद्धार केन्द्र | ६ | |
| | | | ११ | गणेशधाम ब्लक- सामुदायिक वन, ताल, पार्क, मन्दिरहरू | ११ | |
| | | | १२ | बी.पी. शान्ति नगर वन | ३ | |
| | | | १३ | राइनो ताल ब्लक – धनगढ़ा मन्दिर, ताल, सामुदायिक वन | १२ | |
| | | | १४ | सिमरी टाउन ब्लक – सामुदायिक वन, सङ्ग्रहालय, घर बास, अन्जना ताल र कालिका मन्दिर | २६ | |
| | | | १५ | महाबौद्ध गुम्बा | २ | |
| | | | १६ | गाजीपुर ब्लक – सामुदायिक वन, ताल र मनकामना मन्दिर | १७ | |
| | | | १७ | नेपालको पहिलो सहकारी – वखान बहुउद्देश्यीय सहकारी संस्था लि., रानीपोखरी पार्क | १९ | |
| | | | १८ | संयुक्त रासी दुन सामुदायिक वन क्षेत्र | २५ | |
| | | | १९ | देवीस्थान पार्क | २४ | |
| | | | २० | कृषि पर्यटनका मूख्य क्षेत्रहरु | वडाहरू | |
| | | | २१ | स्वास्थ्य पर्यटनका क्षेत्रहरू | वडाहरू | |
| | | | | लेक साइड सर्किट | | |
| | | | १. | टाइगर (वाघ) ताल | ११ | |

| | | |
|---|---|---|
| २. | राइनो ताल | १२ |
| ३. | बीसहजार ताल | ८ |
| ४. | किङ्गफिसर ताल | ६ |
| ५. | अठ्ठाइसहजार ताल | ६ |
| ६. | बाटुली पोखरी | १३ |
| ७. | घैला ताल | २३ |
| | धार्मिक सर्किट | |
| १. | देवघाटधाम | १ |
| २. | वागेश्वरी | १ |
| ३. | गणेशधाम | ११ |
| ४. | महाबौद्ध गुम्बा | २ |
| ५. | हरिहर मन्दिर | १ |
| ६. | लक्ष्मी बैकुण्ठनाथ मन्दिर | ४ |
| ७. | मुकुन्देश्वर शिवालय | १६ |
| ८. | मनकामना मन्दिर | १७ |
| ९. | कालिका मन्दिर | २६ |
| १०. | भोजबाबा मन्दिर | २७ |
| ११. | बिक्रम बाबा | २३ |
| १२. | सीतामाई/छीतामाई | १३ |
| १३. | लक्ष्मीनारायण मन्दिर | ६ |
| १४. | रानीपोखरी पार्क | १९ |

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरुः (१०२ औं बैठक, मिति २०८१/११/२५ गते बिहान ०८:०० बजे)

<table>
<tr><td>६.</td><td colspan="2">विविध</td></tr>
<tr><td>क.</td><td>आर्थिक सहायता सम्बन्धी परिपत्र जानकारी सम्बन्धमा ।</td><td>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।११।०५ च. नं. २०९ को विषयको पत्र बैठकमा जानकारी भयो । पत्रमा उल्लेख भए बमोजिम सबै महाशाखा, शाखाहरुले कार्यान्ययन गर्ने गराउने ।</td></tr>
<tr><td>ख.</td><td>सिगात्से (चीन) भगिनी शहरहरुको सम्मेलनमा सहभागिताको लागि मनोनयन सम्बन्धमा ।</td><td>नेपाल तथा चीनबीचको कूटनीतिक सम्बन्ध स्थापनाको ७० औं वार्षिकोत्सवको अवसरमा सन् २०२५ अप्रिलमा सिगात्से शहरमा आयोजना हुने चीन-नेपाल भगिनी शहरहरूको सम्मेलनमा सहभागिताको लागि २ नं. वडा अध्यक्ष श्री मनोज रानाभाट र ३ नं. वडा अध्यक्ष श्री विकास थापालाई मनोनयन गर्ने ।</td></tr>
<tr><td>ग.</td><td>रोजगारमूलक आयोजना स्थानान्तरण सम्बन्धमा ।</td><td>स्थानीय निर्देशन समितिको मिति २०८१/११/१५ गतेको निर्णयानुसार वडा नं. ११ मा सूचिकृत भएका २५ (पच्चीस) जना बेरोजगारहरु मध्ये कुनै पनि सूचिकृत बेरोजगार व्यक्ति रोजगारमूलक आयोजनामा संलग्न हुन इच्छुक नभएको भन्ने व्यहोरा अनुरुप त्यस वडामा आयोजना सञ्चालन गर्न नसकिएकोले उक्त आयोजना एकमुष्ट प्राथमिकता क्रमानुसार वडा नं. ४ मा स्थानान्तरण गर्ने ।<br>तपसिल
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं.</th><th>आयोजनाको नाम</th><th>सूचिकृत बेरोजगार</th><th>बजेट रु.</th><th>स्रोत</th></tr>
<tr><td>१.</td><td>४</td><td>वडा न. ४ अन्तर्गत पर्ने विभिन्न सार्वजनिक स्थल तथा सडक, नाला सरसफाई एवं व्यवसायिक कृषि, पर्यटन तथा हरियाली प्रवर्द्धन कार्यक्रम</td><td>१३</td><td>५,३४,४००।-</td><td>आई.डि.ए.</td></tr>
</table>
</td></tr>
<tr><td>घ.</td><td>बेतलबी अध्ययन बिदा स्वीकृत गर्ने सम्बन्धमा ।</td><td>भरतपुर महानगरपालिका अन्तर्गत जनस्वास्थ्य प्रवर्द्धन शाखामा कार्यरत अ.न.मी. श्री सुजना अधिकारी (क.स.नं. २०५४२१) लाई Master in Nursing (MN) अध्ययनको लागि २ वर्षे बेतलबी अध्ययन बिदा स्वीकृत गर्ने ।</td></tr>
<tr><td>ङ.</td><td>जग्गाको भोगाधिकार सम्बन्धमा ।</td><td>क. भरतपुर महानगरपालिका वडा नं. ३ को कार्यालयको मिति २०८१।१०।०९, च. नं. १६५३ को पत्रबाट अनुरोध भई आए बमोजिम वडा नं. ३ नगरवन मार्गमा पर्ने महानगर प्रहरी बल बसेको भवनको पूर्व, छेकु वाङ्टुल गुम्बाको पश्चिम, उत्तर नगरवन र दक्षिणमा नगर वन मार्गको चार किल्लाभित्र पर्ने प्लट नं. नारायणगढ ६क/कि.नं. २ को सार्वजनिक जग्गा को मध्य भागबाट ५ कठ्ठा वडा नं. ३ को वडा कार्यालय भवन निर्माण प्रयोजनार्थ जग्गा प्राप्तिको लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने ।</td></tr>
</table>

| | | |
|---|---|---|
| | | ख. नेपाल नेत्र ज्योति संघ, चितवन शाखाको मिति २०८१।११।२२ च. नं. ५३ को पत्रबाट अनुरोध भई आए बमोजिम भरतपुर महानगरपालिका वडा नं. १० स्थित भरतपुर १०/ङ कि.नं. २९ को क्षेत्रफल १-०७-१५ जग्गामध्ये राजमार्ग तर्फ मोहडाको चौडाई ४० मिटर रहने साथै पूर्वतर्फ ४० मिटर चौडाई र उत्तर तर्फबाट पूर्व पश्चिम लम्बाई ५७.३० मिटर, दक्षिण तर्फबाट पूर्व पश्चिम लम्बाई ६१.३० मिटरको चार किल्लाभित्रका क्षेत्रफल ०-७-० (सात कठ्ठा) जग्गाको नेपाल नेत्र ज्योति संघ चितवन शाखाको नाममा भोगाधिकार कायम गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने । |
| च. | "घ" वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धमा । | भरतपुर महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम गठित सिफारिस समितिबाट पेश भए बमोजिमका तपसिलका फर्म कम्पनीहरुलाई नयाँ इजाजत जारी, नामसारी तथा ठेगाना संशोधन गर्ने। |

| क्र.स | फर्मको नाम | ठेगाना | सिफारिस/कैफियत |
|---|---|---|---|
| १. | चेतना बिल्डर्स एण्ड आर्किटेक्ट | भरतपुर -११, चितवन | नयाँ निवेदन |
| २. | आरम्भ आर्किटेक्ट एण्ड बिल्डर्स | भरतपुर-११,चितवन | नयाँ निवेदन |
| ३. | ओजस्वि बिल्डर्स प्रा.लि. | भरतपुर-१०,चितवन | नयाँ निवेदन |
| ४. | के.एल.बि. इन्जिनियरीङ एण्ड इन्जिनियरीङ | भरतपुर-०८,चितवन | नयाँ निवेदन |
| ५. | त्रिनेत्र कन्सट्रसन एण्ड इन्जिनियरीङ कनसल्टेन्सि प्रा. लि. | भरतपुर १०, चितवन | नयाँ निवेदन |
| ६. | कान्छा निर्माण एण्ड सप्लायर्स | भरतपुर-०६,चितवन | नयाँ निवेदन |
| ७. | भिमेश्वर पावर प्याक एण्ड बिल्डर्स प्रा.ली. | भरतपुर-१२ चितवन | नयाँ निवेदन |
| ८. | नाम्साबेङ कन्सट्रकसन एण्ड सप्लायर्स | भरतपुर-११ चितवन | नयाँ निवेदन |
| ९. | एक्स्ट्रा इनर्जि एण्ड कनस्ट्रक्सन प्रा.लि. | भरतपुर-११ चितवन | नयाँ निबेदन |
| १०. | डेल्टा वेष्ट मेनेजमेन्ट एण्ड हस्पिटालिटि ग्रुप प्रा.ली. | भरतपुर-०४ चितवन | नया निवेदन |
| ११. | पिनाक इन्टेरियर एण्ड कन्सट्रक्सन | भरतपुर-५ चितवन | नया निवेदन |
| १२. | जय शिबशक्ति एण्ड कम्पनी प्रा.लि. | भरतपुर-९ चितवन | नया निवेदन |
| १३. | नारायणी प्री.इन्जिनियरीङ प्रा.ली. | भरतपुर-९ चितवन | नया निवेदन |
| १४. | कात्यायनी इन्जिनियरीङ प्रा.लि. | भरतपुर-८ चितवन | नयाँ निबेदन |
| १५. | अबि एण्ड आयु निर्माण सेवा प्रा.लि. | भरतपुर-११ चितवन | नयाँ निबेदन |

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरुः (१०२ औं बैठक, मिति २०८१/११/२५ गते बिहान ०८:०० बजे)

| | | |
|---|---|---|
| | | १६. ड्रिम लाईन कन्स्ट्रक्सन प्रा ली \| भरतपुर-२ चितवन \| ठेगाना संशोधन<br>१७. यांङछेन निर्माण सेवा \| भरतपुर-१० चितवन \| नामसारी<br>१८. बि.डब्लु.डि. बिल्डर्स \| भरतपुर-१० चितवन \| नामसारी |
| छ. | आर्थिक सहयोग सम्बन्धमा । | १) भरतपुर महानगरपालिका वडा नं. ५ निवासी श्री कुलचन्द्र मिश्रलाई पित्तथैलीको उपचारार्थ रु. ५०,०००।- (पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>२) भरतपुर महानगरपालिका वडा नं. ९ निवासी श्री पदम देवी वास्तोलालाई औषधी उपचारार्थ रु. ५०,०००।- (पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>३) भरतपुर महानगरपालिका वडा नं. १५ निवासी श्री अम्बिका दमैको उपचारमा भएको खर्च मृत्यु संस्कारको लागि निजका श्रीमती/छोरा/छोरीलाई रु. १,००,०००।- (एक लाख रुपैयाँ) आर्थिक सहयोग गर्ने ।<br>४) भरतपुर महानगरपालिका वडा नं. १५ निवासी श्री गंगा प्रसाद पौडेललाई औषधी उपचारार्थ रु. ५०,०००।- (पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने । |
| ज. | अवैध संरचना हटाउने सम्बन्धमा । | नारायणगढ देखि मेघौली-गोलाघाट सम्मको नारायणी तटबन्धन माथि निर्माण गरिएका पहुँच सडकको क्षेत्र मिचेर सडक किनारमा बनेका अवैध घर-टहरा लगायतका संरचना स्वयं व्यक्ति मार्फत् हटाउन ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र उक्त समयभित्र नहटाएमा महानगरपालिकाको नियमानुसार त्यस्ता अवैध संरचनाहरु हटाउने तथा वडा कार्यालयहरुबाट नियमित अनुगमन गर्ने । |
| झ. | जग्गा वर्गीकरण सम्बन्धी अध्ययन गर्न प्राविधिक समिति गठन सम्बन्धमा । | महानगरपालिकाले विगतमा गरेको जग्गाको वर्गीकरण सम्बन्धमा जनगुनासो आएकोले सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने-<br>संयोजक- श्री सन्तोष आचार्य, शहरी पूर्वाधार विकास महाशाखा प्रमुख<br>सदस्य- श्री विराट घिमिरे, वरिष्ठ इन्जिनियर, भू-उपयोग तथा वस्ती विकास शाखा<br>सदस्य- श्री सूर्य प्रकाश लामा, इन्जिनियर, भवन निर्माण इजाजत शाखा<br>सदस्य- श्री अस्मिता खनाल, अर्वान प्लानर<br>सदस्य सचिव- श्री शिवहरि अधिकारी, इन्जिनियर, भूमि व्यवस्थापन शाखा |
| ञ. | प्राङ्ग्रारिक मल कारखाना स्थापना गर्न सिफारिस दिने सम्बन्धमा । | भरतपुर महानगरपालिका वडा नं. ६ केशरवाग स्थित अनुसा कृषि फर्मले बागमती प्रदेशको प्रदेश सभा एक सदस्य निर्वाचन क्षेत्र एक प्राङ्ग्रारिक मल कारखाना कार्यक्रममा योजना प्रस्ताव पेश गर्न सिफारिस माग गरेकोमा उक्त फर्मलाई सिफारिस दिने । |

| | | |
|---|---|---|
| च | फोहरमैला व्यवस्थापन सम्बन्धमा । | भरतपुर महानगरपालिका क्षेत्रबाट निस्कने फोहरमैलाको व्यवस्थापन (ल्याण्डफिल्ड साइट) दीगो र व्यवस्थित गर्ने सम्बन्धमा सार्वजनिक-निजी साझेदारी विधिबाट निर्माण प्रक्रिया अगाडि बढाउने । |
| छ | खेलाडीहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा । | सन् २०२४ नोभेम्बर ४ देखि १३ सम्म युएईमा सञ्चालन भएको **ICC U19 Women's T20 World Cup Asia Qualifier 2024** प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भई पहिलो पटक **Women's U19 Asia Cup** र **ICC Women's Under 19 T20 World Cup** क्रिकेट प्रतियोगितामा सहभागिताका लागि छनौट हुन सफल तपसिलका यु-१९ महिला खेलाडीहरुलाई जनही रु. ५०,०००।- (पचास हजार रुपैयाँ) पुरस्कार वापत रकम प्रदान गर्ने ।<br>तपसिल<br>१. पुजा महतो (कप्तान)<br>२. सोनी पाख्रिन<br>३. अलिसा कुमारी यादव<br>४. तिर्सना विश्वकर्मा<br>५. कुशुम गोदार<br>६. साना प्रविन<br>७. मनिषा कुमार उपाध्याय<br>८. सावित्री धामी<br>९. कृष्मा गुरुङ<br>१०.ज्योत्सनिका मरासिनी<br>११.रिया शर्मा<br>१२.स्नेहा महरा<br>१३.रचना कुमारी चौधरी<br>१४.सिमाना के.सी. |